# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः ६ | संख्याः ४ | मितिः २०७९/११/०२

भाग-१

## भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ (तेश्रो संशोधन २०७९)

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

## "भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५" (तेश्रो संशोधन २०७९)

सभामा पेश मितिः२०७९/१०/२७

सभाबाट पारित मितिः २०७९/१०/२७

प्रस्तावनाः

भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भरतपुर महानगरपालिका शिक्षा (तेश्रो संशोधन) ऐन, "२०७९" रहेको छ ।

२.मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को, खण्ड (क) पछि देहायको खण्ड क१ र खण्ड च पछि च१ थपिएको छ ।

(क१) उपप्रमुख भरतपुर महानगरपालिकाका सदस्य

(च१) समुदायिक विद्यालयमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका महिला शिक्षक मध्ये नगर प्रमुखबाट मनोनित १ जना सदस्य

३.मूल ऐनको दफा १२ मा संशोधन उपदफा ८ संशोधन ।

(८) उपदफा (१), (क) बमोजिम अभिभावक भेलाबाट आफू मध्येबाट ४ जना छनौट भएको १५ दिन भित्र पहिलो बैठक बसी उपदफा (१) (ग) र (छ) बमोजिम समितिलाई पूर्णता प्रदान गर्नु पर्नेछ ।सोही बैठकबाट पदावधि गणना हुनेछ।उपदफा (१) (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

४. मूल ऐनको दफा १२ को उपदफा १२ पछि १३ र १४ थप गरिएको छ ।

(१३) कुनै कारणले समितिको कुनै सदस्य पद रिक्त हुन आएमा जुन प्रक्रियाबाट छनौट भएको हो सोही प्रकृयाबाट बढीमा ३० दिनभित्र पूर्ति गरिसक्नुपर्नेछ ।

(१४) विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भएको मितिले ३० दिनभित्र व्यवस्थापन समितिको गठनको प्रक्रिया प्रारम्भ नगरेमा दफा १३ को उपदफा(२) बमोजिम हुनेछ ।

नगर प्रमुख

नगर प्रमुख

"भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५" (तेश्रो संशोधन २०७९)

| क्र.सं. | संशोधन/थप हुने दफा/उपदफा | साविकको व्यवस्था | संशोधन/थप हुनुपर्ने व्यहोरा | संशोधनको औचित्य |
|---|---|---|---|---|
| १. | दफा ८ खण्ड $क_१$ र $च_१$ थप | नभएको | ($क_१$) नगर उपप्रमुखलाई सदस्यमा थप गर्ने<br>($च_१$) समुदायिक विद्यालय कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका महिला शिक्षक मध्ये नगर प्रमुखबाट मनोनित १ जना । | साविकमा शिक्षा ऐनमा नसमेटिएको तर थप गर्न आवश्यक भएको । |
| २. | दफा १२ उपदफा ८ संशोधन | उपदफा (१), (४) र (७) बमोजिम छानिएको वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । | • उपदफा (१),(क) बमोजिम अभिभावक भेलाबाट आफु मध्येबाट ४ जना छनौट भएको १५ दिन भित्र पहिलो बैठक बसी उपदफा (१) (ग) र (छ) बमोजिम समितिलाई पूर्णता प्रदान गर्नु पर्नेछ ।सोही बैठकबाट पदावधि गणना हुनेछ ।उपदफा (१) (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । | पदावधि गणनामा द्विविधा भएको । |
| ३. | दफा १२ को उपदफा १३ र १४ थप | नभएको | (१३) कुनै कारणले समितिको कुनै सदस्य पद रिक्त हुन आएमा जुन प्रक्रियाबाट छनौट भएको हो सोही प्रकृयाबाट बढीमा ३० दिनभित्र पूर्ति गरिसक्नुपर्नेछ ।<br>(१४) विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भएको मितिले ३० दिनभित्र व्यवस्थापन समितिको गठन प्रक्रिया प्रारम्भ नगरेमा दफा १३ को उपदफा (२) बमोजिम हुनेछ । | |

नगर प्रमुख